# पुतलीबजार नगरपालिका स्याङ्जा
# मर्मत संभार बिशेष कोष सञ्चालन कार्यविधि,२०७८

मर्मत संभार वीशेष कोष संचलान कार्यविधि, २०७८

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश

**प्रमाणीकरण गर्ने**

**सिमा कुमारी क्षेत्री ‘प्रमुख’**

राजपत्रमा प्रकाशन मिति : २०७८/३/६

# मर्मत संभार बिशेष कोष सञ्चालन कार्यविधि,२०७८

**<u>पृष्ठभूमी :</u>**

पुतलीबजार नगरपालिका क्षेत्रभित्र यस नगरपालिका, नगरपालिका अन्तर्गतका कुनै निकाय, नेपाल सरकार, प्रदेश सरकार,दातृ निकाय वा सरकारी तथा गैर सरकारी संघ संस्था आदि द्धारा निर्मित भौतिक पूर्वाधार विकासका संरचना तथा सेवा प्रवाहलाई मर्मतसंभार मार्फत दिगो ब्यवस्थापन गर्न, यस नगरपालिकाको योजना सञ्चालन तथा व्यवस्थापन कार्यबिधि, २०७५को दफा ९ र दफा २७ (३)का प्रावधानलाई प्रभावकारी कार्यन्वयन गर्न समेतका लागि कोष स्थापना तथा कोषबाट रकम खर्चको कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकले यस **<u>मर्मत संभार बिशेष कोष सञ्चालन कार्यविधि २०७८</u>** स्वीकृत गरेको छ ।

## <u>परिच्छेद- १</u>
## <u>प्रारम्भ</u>

**<u>१. संक्षिप्त नाम र प्रारम्भ</u>** :

(१) यस कार्यविधिको नाम "मर्मत संभार बिशेष कोष सञ्चालन कार्यविधि २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**<u>२.परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

**(क) मर्मत संभार** : भन्नाले यस कार्यविधीको दफा ७ मा उल्लेख भएका योजना तथा कार्यक्रमसँग सम्बन्धित विकास पूर्वाधारका संरचनाको सानातिना टुटफुट,चुहावट नियन्त्रण गर्ने कार्य तथा निर्धारित रकमको सिमा भित्रका साधारण प्रकृतिका सामाग्री प्रयोग गरी सम्पन्न हुने मर्मतसंभार कार्यलाई संझनुपर्दछ ।

(ख) **'ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ लाई सम्झनु पर्दछ ।

**(ग) 'कार्यपालिका'** भन्नाले पुतलीबजार नगरकार्यपालिका सम्झनु पर्दछ ।

(घ) **'कोष'** भन्नाले मर्मत संभार बिशेष कोषलाई सम्झनु पर्दछ ।

**(ङ) 'नगरसभा'** भन्नाले पुतलीबजार नगरसभा सम्झनु पर्दछ ।

(च)**'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

**(ज) 'लेखा प्रमुख'** भन्नाले नगर कार्यपालिका कार्यालयको लेखा प्रमुखलाई सम्झनु पर्दछ ।

**(झ) 'वडा समिति'** भन्नाले पुतलीबजार नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(ञ)**'विपद'** भन्नाले विपद सम्बन्धी प्रचलित कानूनमा परिभाषित विपद्लाई संझनु पर्दछ ।

**(ट) 'विशेष परिस्थिति'** भन्नाले सुख्खा, अनावृटि, अतिवृष्टि, भूकम्प, बाढी, पहिरो, आगजनी जस्ता प्राकृतिक प्रकोप तथा महामारी वा आकस्मिक वा अप्रत्याशित रुपमा सृजित परिस्थिति सम्झनु पर्दछ र सो शब्दले युद्ध वा आन्तरिक द्धन्द्ध जस्ता परिस्थिति समेतलाई जनाउनेछ ।

## <u>परिच्छेद-२</u>
## <u>कोषको उद्देश्य, सञ्चालन तथा कार्यान्वयन</u>

**<u>३. मर्मत संभार कार्यक्रम सञ्चालनको उद्देश्य :</u>**

कार्यक्रम अन्तर्गत निर्माण भएका भौतिक पूर्वाधारका संरचनाहरुको नियमित मर्मत संभार गरी सेवा लिन सक्ने अवस्थामा राख्नको लागि कार्यक्रमको तर्जुमा तथा सञ्चालन गर्नु यस कोषको उद्देश्य रहेको छ ।

**<u>४. योजनाको सञ्चालन तथा कार्यान्वयन :</u>**

(१) कोषबाट खर्च गर्ने आयोजना तथा कार्यक्रमहरुको छनौट कार्यपालिकाले गर्नेछ ।

तर विशेष परिस्थितिमा तत्काल मर्मतसुधार नगर्दा ठूलो जनधनको क्षती हुने अवस्था सिर्जना भएको र तत्काल कार्यपालिका बैठक बस्न असम्भव भएमा दफा ११ बमोजिम प्राविधिक प्रतिवेदनका आधारमा नगर प्रमुखबाट निर्णय गराई योजना छनौट गरी कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

(२) छनौट भएका आयोजना तथा कार्यक्रमहरु नगरपालिका आफैले वा उपभोक्ता समिति वा गैरसरकारी संस्थालाई परिचालन गरी सञ्चालन गर्न सकिनेछ ।
(३) उपदफा (२) बमोजिम सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुमा उपभोक्ताको श्रमदान वा नगद लागत सहभागिता अंश नगरपालिकाले तोके बमोजिम हुनेछ ।
(४) यस्ता कार्यक्रममा हुने उपभोक्ता लागतको अंश अन्य आयोजना तथा कार्यक्रमको हकमा लागु हुने छैन ।

**५.कोषको व्यवस्था :** कोषमा देहायका रकम जम्मा हुनेछन्,
**(क)** पुतलीबजार नगरपालिकाको नगरसभाद्धारा मर्मत संभार बिशेष कोषका लागि बिनियोजित रकम,
**(ख)** संङ्घीय सरकार तथा प्रदेश सरकारले मर्मत संभारमा सहयोग पुऱ्याउन उपलब्ध गराएको रकम,
**(ग)** दातृ संघसंस्थाद्धारा मर्मत संभार कार्यक्रम सञ्चालन गर्नको लागि उपलब्ध गराएको रकम,
**(घ)** विभिन्न व्यक्ति तथा समूहबाट सो कार्यक्रमको लागि उपलब्ध गराएको रकम,
**(ङ)** कुनै योजनाको रकम भुक्तानी गर्दा सो योजना ममर्तसंभार गर्नको लागि कट्टा गरिएको रकम,
**(च)** अन्य रकम ।

**(६) कोष तथा खाता सञ्चालन :**
(१) दफा ५ बमोजिम प्राप्त हुने रकम कार्यपालिकाले तोकेको बैङ्कमा खाता खोली राख्नु पर्नेछ ।
(२) कार्यपालिकाले कोषको रकम यस कार्यविधिको उद्देश्य प्राप्तिका लागि दफा ७ मा उल्लेखित विषयक्षेत्र भित्रका कार्यक्रममा मात्र खर्च गर्नेछ ।
(३) आ.व.मा खर्च गरी कोषमा बाँकी रहन गएको रकम संचित हुँदै जानेछ ।
(४) कोषबाट आर्थिक सहायता, चन्दा पुरस्कार जस्ता वितरणमुखी कार्यक्रमका लागि खर्च गर्न पाईने छैन ।
(५) कोषमा प्राप्त हुने सबै प्रकारको स्रोत अनुसारको खाता वा सहायक खाता तयार गरी राख्नु पर्नेछ ।
(६) कोषको खाता सञ्चलन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**७.कोषको रकम खर्च गर्ने क्षेत्रहरु :** कार्यपालिकाले यस कोषको रकम देहायका शिर्षकमा कार्यक्रम तय गरी खर्च गर्नु पर्ने ।
**(क) भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु :**
(१) नगर क्षेत्रभित्रका नियमित यातायात सञ्चालन हुने कच्ची तथा पक्की सडकहरु,
(२) पुल, कलभर्ट, ह्यूमपाईप जडान, नियमीत आवागमन हुने गोरेटो बाटो,
(३) तटबन्धन,ड्याम निर्माण तथा मर्मत, खोला नियान्त्रण र यसका लागि आवश्यक सामाग्री खरिद,
(४) सौर्यउर्जा वत्ती मर्मत, सडक बत्ति, विद्युत पोल मर्मत तथा सामाग्री खरीद,
(५) विद्यालय, बालविकास केन्द्रहरुको भौतिक संरचना मर्मत,
(६) सरकारी तथा सामुदायिक भवन मर्मत,
(७) खानेपानी, सिंचाई, नहर, कुलो,बाँध र बोरिङ्ग मर्मत ।

**(ख) आर्थिक विकासका कार्यहरु :**
(१) पर्यटन विकासका लागि तयार भएका पूर्वाधार संरचनाको मर्मत संभार,
(२) कृषि तथा पशुपालन, हाटबजार व्यवस्थापनका पूर्वाधार मर्मत संभार ,
(३) औद्योगिक ग्राम तथा उद्योग क्षेत्र संरक्षणको लागि तयार गरिएका संरचनाको मर्मत ।
**(ग)विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका कार्यक्रमहरु :**
(१) फोहोमैला तथा ल्याण्डफिल्ड साईड मर्मत संभार,
(२) बध स्थल/बधशालाको मर्मतसंभार ,
(३) बाढी, पहिरो तथा भू-क्षय निणन्त्रण ।
**(घ) कार्यपालिकाको बैठकले उक्त कोषबाट सञ्चालन गर्न उपयुक्त ठहऱ्याएका अन्य योजनाहरु ।**
**८.रकम कट्टा गर्न सकिने** :
(१) कुनै आयोजनाको रकम भुक्तानी गर्दा उक्त आयोजनाको मर्मतसंभारको लागि आयोजनाको लागि

मर्मत संभार वीशेष कोष संचलान कार्यविधि, २०७८

निश्चत रकम कट्टी गर्न सकिनेछ ।
(२)उपदफा (१) बमोजिम कट्टा गरिने रकमको दर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।
(३) उपदफा (२) बमोजिम कट्टा गरिने रकम निर्धारण गर्दा आयोजनाको दिगोपना,मर्मतसंभारको आवश्यक्ता र संभावित जोखिम समेतलाई मध्यनजर गरी आयोजनागत रुपमा फरकफरक दर निर्धारण गर्न सकिनेछ ।

## परिच्छेद-३
## अनुगमन, लेखापरीक्षण तथा विविध

**९. अनुगमन तथा जाँचपास सम्बन्धी व्यवस्था** :(१)नगरपालिकाको योजना अनुगमन समितिले कोषबाट सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन गरी समिक्षा सहितको बार्षिक प्रगति प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।
(२)कोषबाट सञ्चालित कार्यक्रम सम्पन्न भएपछि नगरपालिकाबाट अनिवार्य रुपमा जाँचपास र फरफारक गर्नु गराउनु पर्नेछ ।
(३)भौतिक पूर्वाधार आयोजनाको जाँचपास र फरफारक गर्दा सम्बन्धित कार्यालयको प्राविधिक शाखा प्रमुखले पेश गरेको कार्यमूल्याङ्कनका आधारमा सार्वजनिक परीक्षण समेत गरी पेश गर्नु पर्नेछ ।
**१०.लेखापरीक्षण सम्बन्धी व्यवस्था** : कोषको लेखापरीक्षण देहाय बमोजिम हुनेछ ,
(१) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ ।
(२) अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयले गर्नेछ ।
**११. मर्मत संभार योजना छनौट सम्बन्धी विशेष व्यवस्था :** (१) दफा ४ को उपदफा (१) को प्रतिबन्धात्मक वांक्याश बमोजिम मर्मत संभारका लागि वडा कार्यालयको सिफारिश सहित माग भई आएमा योजनाको सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई नगर प्रमुखको निर्णयानुसार मर्मत संभार योजना छनौट गरी कार्यान्वयन गरिनेछ ।
(२) उपदफा (१) बमोजिम नगर प्रमुखको निर्णयबाट छनौट गरेका योजनाहरु त्यसपछि बसेको कार्यपालिकाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।
(३) उपदफा (१) बमोजिमको मर्मतसंभारका योजना छनौट गर्दा दफा ७ को खण्ड (क), (ख) र (ग) बमोजिमको क्षेत्र बाहेकका योजना छनौट गर्न पाईनेछैन ।
**१२. बाधा अडकाउ फुकाउने व्यवस्था:** यस कार्यविधिको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ आई परेका त्यस्तो बाधा अडकाउ फुकाउन कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ । कार्यपालिकाले गरेको यस सम्बन्धीको नीतिगत निर्णय यसै कार्यविधिको अंग मानी अध्यावधिक गरिने छ ।

मर्मत संभार वीशेष कोष संचलान कार्यविधि, २०७८